# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

**बै.सं.** ११/०८२/०८३

**अध्यक्षता:** नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

**मिति:** २०८२/१२/२७

**उपस्थिति**

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बलदेवसिंह गोम्देन | नगर प्रमुख | उपस्थित |
| २ | श्री खड्गमाया पराजुली | उप प्रमुख | उपस्थित |
| ३ | श्री अनोज कुमार घिमिरे | प्रमुख प्रशासकीय अधिकृत/सचिव | उपस्थित |
| ४ | श्री उपेन्द्र बस्नेत | वडा अध्यक्ष, वडा नं १ | उपस्थित |
| ५ | श्री नरेन्द्र श्रेष्ठ | वडा अध्यक्ष वडा नं २ | उपस्थित |
| ६ | श्री सिताराम भट्टराई | वडा अध्यक्ष वडा नं ३ | उपस्थित |
| ७ | श्री अम्बरबहादुर कटुवाल | वडा अध्यक्ष, वडा नं ४ | उपस्थित |
| ८ | श्री गिताराज खड्का | वडा अध्यक्ष, वडा नं ५ | उपस्थित |
| ९ | श्री हरिश्चन्द्र बास्तोला | वडा अध्यक्ष, वडा नं ६ | उपस्थित |
| १० | श्री गोविन्द खतिवडा | वडा अध्यक्ष, वडा नं ७ | उपस्थित |
| ११ | श्री कुमारप्रसाद उप्रेती | वडा अध्यक्ष, वडा नं ८ | उपस्थित |
| १२ | श्री भिष्म मिश्र | वडा अध्यक्ष, वडा नं ९ | |
| १३ | श्री भुपेन्द्र नेउपाने | वडा अध्यक्ष, वडा नं १० | |
| १४ | श्री खगेन्द्र इङ्नाम | वडा अध्यक्ष, वडा नं ११ | उपस्थित |
| १५ | श्री मुना खत्री | कार्यपालिका सदस्य | उपस्थित |
| १६ | श्री विमला रोक्का | कार्यपालिका सदस्य | उपस्थित |
| १७ | श्री चन्द्रमाया तामाङ | कार्यपालिका सदस्य | उपस्थित |
| १८ | श्री चन्द्रकुमारी तामाङ | कार्यपालिका सदस्य | उपस्थित |
| १९ | श्री गौरीमाया चिमरिया | कार्यपालिका सदस्य | उपस्थित |
| २० | श्री नरेन्द्र बहादुर राई | कार्यपालिका सदस्य | उपस्थित |
| २१ | श्री सन्तोष मेचे | कार्यपालि पूरका सदस्य | उपस्थित |
| २२ | श्री कौशिलाल परियार | कार्यपालिका सदस्य | उपस्थित |

**प्रस्ताव नं १ सेवा प्रवाहको समिक्षा**

**प्रस्तावको व्यहोरा:** यस अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको १०औं बैठकमा बैठकका सचिवज्यूबाट कार्यालयको समसामयिक विषयका सम्बन्धमा जानकारी पेश भयो ।जस अन्तर्गत कार्यालयको सेवा प्रवाहलाई सहज बनाउन थप २ जना सहायकस्तर पाचौं तहको स्थायी कर्मचारी तथा ४ जना सहाकयस्तर चौथो तहको कर्मचारीलाई सरुवा भई आउन सहमति दिइएको, स्वीकृत संगठन संरचना अन्तर्गत वन वातावरण तथा विपद् व्यवस्थापन शाखाको स्थायी दरबन्दीमा स्थायी पदपूर्ती नभएसम्मको लागि १ जना वातावरण निरीक्षकको सेवा करारमा लिन सूचना प्रकाशन गरिएको, खोरेत रोग नियन्त्रण कार्यक्रम अन्तर्गत २ जना पशु प्राविधिकलाई स्वयम्सेवकको नियुक्ती गरिएको, पछिल्लो समय निर्धारित ९-५ को कार्यालय समयलाई कडाईका साथ लागू गर्न विहान ९ १६ बजेदेखि बेलुका ५ बजेसम्म हाजिर मेसिन लक गर्ने व्यवस्था मिलाइएको, शनिश्चरे बजारबाट बजार अनुगमनको सुरुवात गरिएको, स्थानीय तह कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा यस नगरपालिकाबाट ६५ प्रतिशत अंक दाबी गरी विवरण प्रस्तुत गरिएको लगायत आयोजना सञ्चालनका सम्बन्धमा हालसम्म सम्झौता भएका र सम्झौता हुन बाँकी आयोजनाहरुको विवरण, पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिका कारण जिल्ला दररेट अनुसारको दरमा बजारमा सामाग्री पाउन छोडेको लगायतका विषयमा विवरण प्रस्तुत भयो ।

**निर्णयको व्यहोरा:** बैठकका सचिवज्यूबाट पेश भएको समिक्षात्मक विवरणका सम्बन्धमा छलफल भयो।जिल्ला दररेटका कारण उत्पन्न समस्या सम्बन्धमा सम्बन्धित निकायमा जानकारी गराउने निर्णय गरियो ।साथै, सेवा प्रवाहलाई थप चुस्त दुरुस्त बनाउन तथा कर्मचारीहरुको आचरण पालनका लागि निरन्तर अनुगमन गरी कुनै कर्मचारीले तोकिएको कर्मचारी आचरणको बारम्बार उल्लंघन गरेको पाइएमा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २४ को उपदफा (४) बमोजिम अन्यत्र सरुवाका लागि सिफारिस गर्न नगर कार्यपालिकालाई प्राप्त अधिकार कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २ अध्ययन विदा स्वीकृति सम्बन्धमा ।**

**प्रस्ताव पेश गर्ने शाखाः प्रशासन शाखा**

**प्रस्तावको व्यहोराः** यस कार्यालयको इञ्जिनियर, अधिकृतस्तर आठौं तहमा कार्यरत कर्मचारी श्री निता नेपालले आफ्नो निजी प्रयासमा एसियाली विकास बैंक (ADB-JSP) छात्रवृत्ति कार्यक्रम अन्तर्गत जापानको साइतामा विश्वविद्यालयमा Structural Engineering विषयमा स्नातकोत्तर तह अध्ययन गर्ने अवसर प्राप्त भई मिति २०८२/१२/१६ गतेदेखि २ वर्षका लागि अध्ययन विदा माग गरी मिति २०८२/१२/०३ गते यस कार्यालयमा निवेदन दिनु भएको ।
निजी प्रयासमा अध्ययन विदाका सम्बन्धमा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० को दफा १२० को उपदफा (२) मा कर्मचारीले सेवा अवधिमा एकै पटक वा पटक पटक गरी बढीमा पाँच वर्षसम्म अध्ययन बिदा पाउने, उपदफा (५) मा सम्बन्धित वा समूह उपसमूहलाई उपयोगी र आवश्यक पर्ने विषयमा सम्बन्धित स्थानीय तहको पूर्व स्वीकृति लिई निजी प्रयासमा अध्ययन गर्न जाने कर्मचारीलाई उपदफा (२) बमोजिम अध्ययन बिदा दिन सकिने व्यवस्था रहेको र ऐ. ऐनको दफा १२४ को उपदफा (क) मा अध्ययन र असाधारण विदा नगर कार्यपालिकाले स्वीकृत गर्ने व्यवस्था रहेको हुँदा निज निवेदक कर्मचारी श्री निता नेपालको मिति २०८२/१२/१६ गतेबाट २ वर्ष अवधिका लागि अध्ययन विदा स्वीकृतिका लागि कार्यपालिकाको बैठकमा प्रस्ताव पेश गरिएको ।

**निर्णयको व्यहोराः** पेश भए बमोजिम ईञ्जिनियर, अधिकृतस्तर आठौं श्री निता नेपालको मिति २०८२/१२/१६ गतेबाट २ वर्ष अवधिका लागि अध्ययन विदा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १२४ को क बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३ कक्षा थप, स्थानान्तरण तथा नाम परिवर्तन ।**

प्रस्ताव पेश गर्ने शाखाः शिक्षा शाखा ।

प्रस्तावको व्यहोराः शिक्षा शाखाबाट निम्न बमोजिमका प्रस्तावहरुमा आवश्यक निर्णयका लागि पेश भएको ।

(१) शैक्षिक सत्र २०८३ का लागि अर्जुनधारा नगरपालिका अन्तर्गत कक्षा थप, विद्यालय स्थानान्तरण तथा नाम परिवर्तनका लागि प्राप्त भएका निवेदन उपर आवश्यक कारवाही गर्दा निवेदन पेश गर्ने विद्यालयहरुले आवश्यक पूर्वाधार तथा कागजात समेत पेश गरेको हुँदा तल उल्लेखित विद्यालयहरुको नियमानुसार कक्षा थप, नाम परिवर्तन तथा स्थानान्तरणका लागि स्विकृतिका लागि प्रस्ताव पेश भएको।

| क्र.सं. | विद्यालयको नाम,वडा नं | अनुमति प्राप्त कक्षा | कक्षा थप | स्थानान्तरण | नाम परिवर्तन | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सप्तऋषि गुरुकुल, ०९ | ६ सम्म | ७ | | | |
| २ | इभरग्रिन इ.स्कूल,११ | ६ सम्म | ७ | | | |
| ३ | हिमाली एजुकेशन फाउण्डेशन,६ | ९ सम्म | १० | | | |
| ४ | वर्ल्ड भिजन इ.स्कूल,६ | ९ सम्म | १० | | | |
| ५ | ब्राइट बिगिनिङ्ग स्कूल,४ | ९ सम्म | १० | | | |
| ६ | प्रगति इ.बो.स्कूल,९ | १० सम्म | ११ | | | |
| ७ | सूर्यज्योति इ.बो.स्कूल,४ | १० सम्म | ११ | | | |
| ८ | देवी पाथिभरा इ.बो.स्कूल,६ | ८ सम्म | ९ | | | |
| ९ | नवनीत इ.बो.स्कूल,६ | ८ सम्म | ९ | | | |
| १० | गोर्खा इ.मिडियम स्कूल,६ | ४ सम्म | ५ | | गोर्खा स्मार्ट स्कूल | |
| ११ | लिटिल एन्जल्स इ.स्कूल, | १० सम्म | | स्थानान्तरण वडा नं.११ | | बिर्तामोडबाट |
| १२ | होलिका इङ्गलिस बोर्डिङ्ग स्कूल,११ | ८ सम्म | | स्थानान्तरण वडा ६ | प्रारम्भ एकेडमी झापा | वडा नं.११ देखि |
| १३ | नवकला एजुकेशन फाउण्डेशन | ५ सम्म | | स्थानान्तरण वडा ५ | | कमल गा.पा.देखि |

(१) चालु आर्थिक वर्ष २०८२/०८३ मा नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान अन्तर्गत विद्यालयमा ICT तथा पुस्तकालय व्यवस्थापनका लागि प्राप्त रु.१००००००/- दश लाख रुपैयाका लागि प्राप्त भएकाले सो कार्यक्रम कार्यान्वयनका लागि विद्यालय छनौट सम्बन्धमा गर्ने सम्बन्धमा प्रस्ताव पेश भएको ।

(२) यस नगरपालिका अन्तर्गतका संस्थागत विद्यालयहरुले नियमानुसार विद्यार्थीलाई दिनुपर्ने १०% छात्रवृत्ति तथा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा स्वर्ण पदक ल्याउने विद्यार्थीलाई

छात्रवृत्ति अनिवार्य कडाइका साथ पालना गराउने सम्बन्धमा आवश्यक निर्णयका लागि पेश भएको ।

(३) विशेष अवस्थामा रहेको शिक्षक व्यवस्थापन कार्यविधिमा २०८० मा उल्लेख भएको शिक्षकको काज व्यवस्थापन सम्बन्धमा आवश्यक छलफल तथा निर्णयका लागि विषय पेश भएको ।

(४) यस नगरपालिकाबाट शिक्षक दरबन्दी मिलानका सिलसिलामा, अंग्रेजी माध्यमबाट शिक्षण गराउन शिक्षक आवश्यकता भएका तथा विद्यार्थी संख्याका आधारमा शिक्षकको दरबन्दी आवश्यक हुने तपसिल बमोजिमका विद्यालयहरुलाई २०८२ साउन देखिनै आवश्यक कागजातका आधारमा तपसिल बमोजिमका शिक्षक दरबन्दी कायम गरी अनुदान समेत उपलब्ध गराउने सम्बन्धमा निर्णयार्थ पेश भएको ।

| क्रसं. | विद्यालयको नाम | तह | अनुदान रकमतलब/ | शिक्षकको प्रकार | कैफियत |
|---|---|---|---|---|---|
| १ | अर्जुनधारा संस्कृत माध्यमिक विद्यालय, अ.न.पा.०७ | नि. मा.वि. | २,५०,०००/- | पूर्णकालिन शिक्षक | दरबन्दी अपुग |
| २ | भानु आधारभूत विद्यालय, अ.न.पा.०३ | नि. मा.वि. | १,५०,०००/- | पूर्णकालिन शिक्षक | विषयगत शिक्षक अभाव |
| ३ | भानु माध्यमिक विद्यालय, अ.न.पा.०५ | मा. वि. | १,२०,०००/- | आंशिक शिक्षक,लेखा | विषयगत शिक्षक अभाव |

१. निर्णयको व्यहोराः माथि उल्लेखित प्रस्तावहरुका सम्बन्धमा छलफल गरी निम्न बमोजिम निर्णयहरु गरियो।

२. प्रस्तावमा उल्लेखित विद्यालयहरुको कक्षा थप, स्थानान्तरण तथा नाम परिवर्तन सम्बन्धि प्रस्ताव स्वीकृत गरियो।

३. उक्त प्रस्ताव माथि छलफल गरी प्राप्त प्रस्तावहरुमध्ये आवश्यकता तथा औचित्यताका आधारमा श्री लक्ष्मी मा.वि. अर्जुनधारा-६ लाई उक्त विद्यालयमा ICT तथा पुस्तकालय व्यवस्थापन अनुदानका लागि छनौट गर्ने निर्णय गरियो।

४. उक्त प्रस्ताव माथि छलफल गर्दा संस्थागत विद्यालयले नियमानुसार विद्यार्थीलाई दिनुपर्ने १०% छात्रवृत्ति तथा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा स्वर्ण पदक ल्याउने विद्यार्थीलाई समेत अनिवार्य छात्रवृत्ति उपलब्ध गराउन कडाइका साथ पालना गराउने निर्णय गरियो।

५. उक्त प्रस्ताव माथि छलफल गर्दा विशेष अवस्थामा रहेको शिक्षक व्यवस्थापन कार्यविधि, २०८० मा उल्लेख भएको व्यवस्था अनुकुल एक पटकमा ३ महिना काजमा खटाउने व्यवस्था भए अनुरुप एक जना शिक्षकलाई ३ महिनामात्र रिक्त भएको पदमा पालिकादेखि नै तलब भत्ता खाने गरी एक पटकका लागि मात्र काजको लागि सिफारिस गर्न सकिने तर काज थपका लागि सिफारिस नगर्ने निर्णय गरियो।

६. प्रस्तावमा उल्लेखित शिक्षक अनुदान सम्बन्धि अनुदान स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ४ न्यूनतम कबोल रकम स्वीकृति तथा ठेक्का आह्वान सम्बन्धमा ।**

**प्रस्ताव पेश गर्ने शाखाः** राजश्व शाखा

**प्रस्तावको व्यहोराः** आर्थिक वर्ष २०८३/८४ को लागि आन्तरिक आय तर्फको आइतबारे बजार, खुदुनाबारी, शनिश्चरे साप्ताहिक हाट बजार र विज्ञापन करको लागि ठेक्का आव्हान गर्नु पर्ने भएकोले मिति २०८२/१२/१९ गतेको स्थानीय राजश्व परामर्श समितिले देहाय बमोजिम न्यूनतम कबोल अंक कायम गरी ठेक्का आह्वान गर्नको लागि आवश्यक निर्णयार्थ कार्यपालिका समक्ष सिफारिस भई प्रस्ताव पेश गरिएको ।

| सि.नं. | ठेक्का विवरण | न्यूनतम कबोल रकम भ्याट बाहेक (रु) |
|---|---|---|
| १ | आइतवारे बजार, खुदुनाबारी, अर्जुनधारा-३ (पशु चौपाया विक्री तथा साप्ताहिक हाट बजार) | १,२४,३८,५४४।- |
| २ | शनिश्चरे साप्ताहिक हाट बजार, अर्जुनधारा-८ (साप्ताहिक हाट बजार, बाख्रा बजार, केरा बजार र गोसहाट) | १३,२०,०००।- |
| ३ | विज्ञापन कर | ३,५२,०००।- |

**निर्णयको व्यहोराः** स्थानीय राजश्व परामर्श समितिको सिफारिस बमोजिम पेश भएको न्यूनतम कबोल रकम स्वीकृत गरी आय संकलन सम्बन्धि ठेक्का आह्वान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ५ ठूलो नेते खोलाको नदीजन्य पदार्थ उत्खनन सम्बन्धि ठेक्का स्वीकृति ।**

**प्रस्ताव पेश गर्ने शाखाः** राजश्व शाखा

**प्रस्तावको व्यहोराः** अर्जुनधारा नगरपालिकाबाट स्वीकृत बिरिङ टाङटिङ तथा नेते खोलाबाट आर्थिक वर्ष २०८२/०८३ मा नदीजन्य पदार्थको उत्खनन संकलन तथा विक्री सम्बनधि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन बमोजिम देहायानुसार ठुलो नेते खोलाबाट नदीजन्य पदार्थको उत्खनन संकलन तथा विक्रीका लागि ठेक्का बन्दोवस्त गर्नका लागि बोलपत्र आह्वान गरिएकोमा उक्त ठेक्कामा १ मात्र बोलपत्र प्रस्ताव भएको र बोलपत्र मूल्याङ्कन समितिबाट बोलपत्र मूल्याङ्कन भई यस अर्जुनधारा नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) कार्यविधि २०७५ को दफा ९ को उपदफा (३) बमोजिम बोलपत्र स्वीकृतिका लागि पेश भएको ।

| ठेक्काको विवरण | न्यूनतम कबोल रकम(रु) | प्रस्तावकको विवरण | कबोल रकम भ्याट बाहेक |
|---|---|---|---|
| लट्टखर्क ठुलो नेते पुल १ कि.मि. दक्षिण र मुना खत्रीको घर पश्चिम उत्तर र भुलभुले गाउँ पश्चिम अर्जुनधारा-१ बाट नदीजन्य सामाग्री उत्खनन तथा बिक्री १२००० घ.मि. | २५,८५,०५८ | वस विल्डर्स प्रा.लि. अर्जुनधारा-४ | ३१८५८००/- |

निर्णयको व्यहोराः पेश भए बमोजिम वस विल्लडर्स प्रा.लि. अर्जुनधारा ४ बाट प्रस्तावित ठेक्का अर्जुनधारा नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) कार्यविधि, २०७५ को दफा बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ६ निःशुल्क जारी हुने सिफारिसका सम्बन्धमा ।**

**प्रस्ताव पेश गर्ने शाखाः** राजश्व शाखा

**प्रस्तावको व्यहोराः** नगरपालिका तथा अन्तरगतको कार्यालयबाट गरिने सिफारिसहरु मध्ये देहायको सिफारिस गर्दा सेवा शुल्क लिने सम्बन्धमा द्विविधा उत्पन्न भएकोले मिति २०८२/१२/१९ गतेको स्थानीय राजश्व परामर्श समितिले त्यस्ता प्रकारको सिफारिस सम्बन्धी सेवाहरु निशुल्क उपलब्ध गराउने निर्णय गरी कार्यपालिका समक्ष सिफारिस गरेकोले सो सम्बन्धमा आवश्यक छलफल तथा निर्णयार्थ प्रस्ताव पेश भएको ।

**देहायः**

१. संघिय तथा प्रादेशिक कार्यालय वा सरकारी कार्यालयहरुमा योजना मागका लागि गरिने सिफारिसहरु ।

२. विपद प्रकोपबाट भएको क्षति तथा विमा दावी सम्वन्धी सिफारिसहरु ।

३. सामाजिक सुरक्षाको लागि बैंकमा लाभग्राहिले खाता खोल्ने सिफारिस ।

४. उपभोक्ता समितिले. योजना संचालनको लागि बैंक खाता खोल्ने तथा बन्द गर्ने सिफारिस।

निर्णयको व्यहोराः प्रस्तावमा उल्लेखित विषयहरुका सम्बन्धमा आर्थिक ऐन २०८२ को दफा १७ बमोजिम निःशुल्क सिफारिस जारी गर्ने निर्णय गरियो ।

**बै.सं. ११/८२/८३  अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक          मिति २०८२/१२/२७**

**प्रस्ताव नं ७**

**प्रस्तावको व्यहोरा:**यस अर्जुनधारा नगरपालिका अन्तरगतको विभिन्न खोलाहरुमा बाढिको कारणले ढुङ्गा गिटी र माटोजन्य पदार्थ थुप्रिन गई सो कारणले बस्ती तथा भौतिक संरचनामा जोखिम उत्पन्न हुन सक्ने भनि त्यस्तो विपद् जोखिमको नियन्त्रणको लागि सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएको निम्न बमोजिमको स्थानहरुबाट नदीजन्य पदार्थ उत्खनन गरि हटाउन र बिक्रि गर्नको लागि ढुङ्गा, गिट्टि, बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ३बमोजिम जिल्ला विपद (ख) व्यवस्थापन समितिमा आवश्यक निर्णयको लागि सिफारिस गर्ने निर्णय गर्ने:

निम्न:

| क.सं. | खोलाको नाम | विपद उत्पन्न हुन सक्ने स्थान | हटाउनु पर्ने नदीजन्य पदार्थको परिमाण घ).मि.( | प्रभावित वडा नं. |
|---|---|---|---|---|
| १ | नेते | अर्जुनधारा नगरपालिका वडा नं. १,नेते खोलाको चौरासे हल्दार पैनी दक्षिण नदी उकास भएको कारणले खेती योग्य जमिन कटान गर्ने र खोला किनारको बस्तीमा बाढी पसी धनजनको क्षति हुन सक्ने | २२,९२७ | १ |
| २ | टाङटिङ | अर्जुनधारा नगरपालिका वडा नं. २ को टाङटिङ खोला राते जाने झोलुङ्गे पुल दक्षिण र कफर ड्याम लगाएको स्थान देखि उत्तर क्षेत्रमा नदी उकास भइ खोलाले धार परिवर्तन गरि खेती योग्य जमिन कटान गर्ने र खोला किनारको बस्तीमा बाढी पसी धनजनको क्षति हुन सक्ने | १८,००० | २ |
| ३ | गोयाङ | अर्जुनधारा नगरपालिका वडा नं. २, गुन्द्रुके स्थित दलित बस्ती छेउमा गोयाङ खोलाको जलाधार परिवर्तन भई दलित बस्ती तर्फको खेती योग्य जमिन कटान गर्ने र खोला किनारको बस्तीमा बाढी पसी धनजनको क्षति हुन सक्ने | ८,००० | २ |
| ४ | सुखानी | अर्जुनधारा नगरपालिका वडा नं. ३,सुखानी खोलाको विभिन्न स्थानमा नदी उकास भएको कारणले खेती योग्य जमिन कटान गर्ने र खोला किनारको बस्तीमा बाढी पसी धनजनको क्षति हुन सक्ने | १७,१०० | ३ |
| ५ | बिरीङ | अर्जुनधारा नगरपालिका वडा नं. ५ अन्तरगत बिरिङ खोलाको कजवे उत्तर कैलासघाटसम्मको खोलाको बिच भागमा नदीजन्य पदार्थ अत्यधिक जम्मा | १६,००० | ५ |

| | | | | |
|---|---|---|---|---|
| | | भएकोले खोलाको बाढी बस्ती तिर पसी क्षति हुन सक्ने | | |

**निर्णयको व्यहोरा:**प्रस्तावमा उल्लेखित यस अर्जुनधारा नगरपालिका अन्तरगतको विभिन्न खोलाहरुमा बाढिको कारणले ढुङ्गा गिटी र माटोजन्य पदार्थ थुप्रिन गई सो कारणले बस्ती तथा भौतिक संरचनामा जोखिम उत्पन्न हुन सक्ने भनि त्यस्तो विपद् जोखिमको नियन्त्रणको लागि सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएको निम्न बमोजिमको स्थानहरुबाट नदीजन्य पदार्थ उत्खनन गरि हटाउन र बिक्रि गर्नको लागि ढुङ्गा, गिट्टि, बालुवा उत्खनन, बिक्रि तथा सम्बन्धी मापदण्ड, २०७७ को दफा ३बमोजिम जिल्ला (ख) विपद व्यवस्थापन समितिमा अनुमतिको लागि सिफारिस गर्ने निर्णय गरियोः

निम्नः

| क्र.सं. | खोलाको नाम | विपद उत्पन्न हुन सक्ने स्थान | हटाउनु पर्ने नदीजन्य पदार्थको परिमाणघ).मि.( | प्रभावित वडा नं. |
|---|---|---|---|---|
| १ | नेते | अर्जुनधारा नगरपालिका वडा नं. १,नेते खोलाको चौरासे हल्दार पैनी दक्षिण नदी उकास भएको कारणले खेती योग्य जमिन कटान गर्ने र खोला किनारको बस्तीमा बाढी पसी धनजनको क्षति हुन सक्ने | २२,९२७ | १ |
| २ | टाङटिङ | अर्जुनधारा नगरपालिका वडा नं. २ को टाङटिङ खोला राते जाने झोलुङ्गे पुल दक्षिण र कफर ड्याम लगाएको स्थान देखि उत्तर क्षेत्रमा नदी उकास भइ खोलाले धार परिवर्तन गरि खेती योग्य जमिन कटान गर्ने र खोला किनारको बस्तीमा बाढी पसी धनजनको क्षति हुन सक्ने | १८,००० | २ |
| ३ | गोयाङ | अर्जुनधारा नगरपालिका वडा नं. २, गुन्द्रुके स्थित दलित बस्ती छेउमा गोयाङ खोलाको जलाधार परिवर्तन भई दलित बस्ती तर्फको खेती योग्य जमिन कटान गर्ने र खोला किनारको बस्तीमा बाढी पसी धनजनको क्षति हुन सक्ने | ८,००० | २ |
| ४ | सुखानी | अर्जुनधारा नगरपालिका वडा नं. ३,सुखानी खोलाको विभिन्न स्थानमा नदी उकास भएको कारणले खेती योग्य जमिन कटान गर्ने र खोला किनारको बस्तीमा बाढी पसी धनजनको क्षति हुन सक्ने | १७,१०० | ३ |
| ५ | बिरीङ | अर्जुनधारा नगरपालिका वडा नं. ५ अन्तरगत बिरिङ खोलाको कजवे उत्तर कैलासघाटसम्मको खोलाको बिच भागमा | १६,००० | ५ |

| | | | | |
|---|---|---|---|---|
| | | नदीजन्य पदार्थ अत्यधिक जम्मा भएकोले खोलाको बाढी बस्ती तिर पसी क्षति हुन सक्ने | | |

**प्रस्ताव नं ८ तराई-मधेश समृद्धि कार्यक्रमका लागि आयोजना/कार्यक्रम माग/प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

**प्रस्ताव पेश गर्ने शाखा:** योजना शाखा

**प्रस्तावको व्यहोरा:** प्रस्तुत विषयमा आ.व. ०८३/०८४ को लागि तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि,२०८२ को अनुसूची-१ बमोजिम तराई-मधेश समृद्धि कार्यक्रम लागू भएका तराई-मधेशका २२ जिल्ला २७८ स्थानीय तहहरु मध्ये यस अर्जुनधारा नगरपालिकाबाट कार्यविधिको दफा-५ मा उल्लेखित लागत सहभागिता व्यहोर्ने गरी कार्यविधिको दफा ७(२) मा तोकिए बमोजिमका ६ वटा क्षेत्रहरु मध्ये दफा ७(२) बमोजिम एउटा स्थानीय तहले अधिकतम ३ वटा आयोजना/कार्यक्रम (प्रथामिकरण) गरी पठाउनु पर्ने व्यवस्था बमोजिम तयार पारिएको आयोजना/कार्यक्रम निर्णयका लागि प्रस्ताव पेश भएको ।

**अनुसूची -२**

**दफा ८ को उपदफा १ सँग सम्बन्धित**

**आयोजना /कार्यक्रम माग फारम**

१ **आ.व.**:- ०८३/०८४

२ **नगरपालिका** :- श्री अर्जुनधारा न.पा.

३ **जिल्ला** :- झापा

४ **प्रदेश** :-कोशी

| क्र.सं. | प्रस्तावित आयोजना / कार्यक्रमको विवरण | कार्यक्रम सञ्चालन हुने स्थान (वडा नं. समेत) | आयोजना सञ्चालनका क्षेत्र | भौतिक लक्ष्य परिमाण | अनुमानित लागत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | केन्द्रीय अनुदान | स्थानीय तहबाट बेहोरिने रकम (न्यूनतम) | कूल लागत | आयोजना सम्पन्न हुने अवधि | आयोजनाबाट लाभान्वित जनसंख्या | कैफियत |
| १ | कामख्या मन्दिर पश्चिमश्रीजंगा रोड नं. ०२ बुद्धमार्ग बाटो स्तरोन्नती | अ.न.पा. ११ | पेवर्स विछ्याउने | | ७००००००।०० | ३००००००।०० | १०००००००।०० | ०८३।०८४ भित्र | १००० | |
| २ | दासपुल रोड नं. १० र ११ जोड्ने ८०० मिटर वाटोमा पेवर्स विछाउने प्लम सहितको योजना | अ.न.पा. ०६ | पेवर्स विछ्याउने | | ७००००००।०० | ३००००००।०० | १०००००००।०० | ०८३।०८४ भित्र | १००० | |
| ३ | आनन्द टोल मार्ग सहित मदन भण्डारी राजमार्ग उत्तर गुन्द्रके जाने सडक स्तरउन्ती | अ.न.पा. ०२ | साना सडक स्तरोन्ति | | ७००००००।०० | ३००००००।०० | १०००००००।०० | ०८३।०८४ भित्र | १५०० | |

**निर्णयको व्यहोरा:**

प्रस्तावमा उल्लेखित आयोजनाहरु तराई-मधेश समृद्धि कार्यक्रमका लागि सिफारिस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.०९ कोशी प्रदेशबाट/ संघबाट सञ्चालन गरिने आयोजना/कार्यक्रमहरुको लागि आयोजना बैङ्क व्यवस्थापन सम्बन्धमा ।**

**प्रस्ताव पेश गर्ने शाखा:-** योजना शाखा

**प्रस्तावको व्यहोरा:** प्रस्तुत विषयमा आ.व. ०८३/०८४ का लागि कोशी प्रदेशबाट सञ्चालन गरिने आयोजना/कार्यक्रमको लागि आयोजना बैङ्क सूचना प्रणालीमार्फत आयोजना/कार्यक्रमको विवरण प्रविष्ठी गर्ने सम्बन्धी मिति २०८२।१२।०९ गतेको प्रदेश योजना आयोग विराटनगरको परिपत्र बमोजिम यस कार्यालय मातहतका सबै शाखा तथा वडाहरुबाट प्राप्त भएको आयोजनाहरु, आयोजनाको वर्गीकरण, आधार तथा मापदण्ड निर्धारण र आयोजना बैङ्क व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम प्रथामिकरण गरी छनौट भएका आयोजनाहरु, आयोजना बैङ्क सूचना प्रणालीमार्फत आयोजनाको प्रस्ताव अनुसूची बमोजिम प्रविष्टि गर्ने साथै संघ सरकार सग माग गरिने योजनाहरु समेत निर्णयका लागि कार्यपालिकामा पेश भएको।

**निर्णयको व्यहोरा:** प्रस्तावमा उल्लेखित वडा तथा शाखाहरु बाट प्राप्त भएको आयोजनाहरु आयोजना बैङ्मा प्रविष्टि गरी माग गरिने निर्णय गरियो ।

**प्रस्ताव नं १० त्रिमासिक अनुगमन प्रतिवेदन सम्बन्धमा ।**

**प्रस्ताव पेश गर्ने शाखाः** योजना शाखा

**प्रस्तावको व्यहोरा:** यस अर्जुनधारा नगरपालिकाको वडा तथा नगरस्तरीय योजना अनुगमन समितिले त्रैमासिक भरी गरेको योजना अनुगमन सम्बन्धित देहायानुसारको विवरण भएको त्रैमासिक प्रतिवेदन नगर कार्यपालिकाको छलफल तथा जानकारीका लागि पेश गरेको ।

वडागत आयोजना संख्या:- ९२

नगर स्तरिय योजना:- ५०

प्रदेश स्तरीय योजना:- १५

हाल सम्म भुक्तानी भएका आयोजनाहरु:- ६८

**निर्णयको व्यहोरा:** उक्त प्रस्ताव बमोजिम नगरस्तरी योजना अनुगमन समितिको त्रैमासिक प्रतिवेदन प्राप्त प्रतिवेदन प्राप्त भई छलफल गरियो । आयोजनाको गुणस्तर तथा प्रभावकारिता अभिवृद्धिका लागि प्रतिवेदनमा सिफारिस भएका सुझावहरुलाई कार्यान्वयन गर्नका लागि नगर कार्यपालिकाको कार्यालयमा पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं ११ पशु अस्पताल निर्माण सम्बन्धमा ।**

**प्रस्ताव पेश गर्ने शाखाः** पशुपंक्षी तथा मत्स्य विकास शाखा ।

**प्रस्तावको व्यहोराः** यस अर्जुनधारा नगरपालिका अन्तर्गत कोशी प्रदेशकै नमुना पशु अस्पताल निर्माण गर्नका लागि कोशी प्रदेश सरकार तथा यस नगरपालिकाको साझेदारीमा अस्पताल भवनको भुईं तल्ला निर्माण सम्पन्न भईसकेको र अस्पताललाई पूर्ण क्षमतामा सञ्चालन गर्नका लागि माथिल्लो तलासमेत निर्माण गर्नु आवश्यक रहेको हुँदा उक्त अस्पतालको माथिल्लो तला निर्माणका लागि आवश्यक पर्ने रकम रु १ करोड नेपाल सरकार कृषि तथा पशुपंक्षी मन्त्रालय मार्फत माग गर्नका लागि आवश्यक निर्णयार्थ प्रस्ताव पेश गरिएको ।

**निर्णयको व्यहोराः** उक्त प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाले कोशी प्रदेशमा नै नमुना हुने गरी पशु अस्पताल निर्माणको लक्ष्य लिई अस्पताल भवनको भुईंतल्ला निर्माण सम्पन्न भएपनि थप १ तला भवन निर्माण गर्नु आवश्यक रहेको हुँदा उक्त भवन निर्माणका लागि आवश्यक रकम र १ करोड बजेट विनियोजनका लागि नेपाल सरकार कृषि तथा पशुपंक्षी मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १२ बहुवर्षीय आयोजना स्वीकृति सम्बन्धमा ।**

**प्रस्ताव पेश गर्ने शाखाः** पूर्वाधार विकास शाखा ।

**प्रस्तावको व्यहोराः** आ.व. ०८२/८३ मा अर्जुनधारा नगरपालिकाको स्वीकृत वजेट तथा कार्यक्रम अन्तर्गत नगरपालिकाका विभिन्न सडकमा पेवर्स लगाउनका लागि यस आर्थिक वर्ष को लागि नगर स्तरिय बजेटबाट ७० लाख र अर्जुनधारा खेलमैदानमा स्टेडियम निर्माणका लागि चालु आर्थिक वर्षमा रु १ करोड विनियोजन भएकोमा उक्त आयोजनालाई वहुवर्षीय आयोजनाको रुपमा ठेक्का स्वीकृत गरी सार्वजनिक खरिद नियमावली २०६४ (चौंधौं संशोधन) को नियम १० वमोजिम Drawing, Design, Estimate तयार गरी सार्वजनिक खरिद नियमावली २०६४ (चौंधौं संशोधन) को नियम १४ बमोजिम लागत अनुमान स्वीकृति एवं विद्युतीय बोलपत्र आह्वान सम्बन्धि कार्यालयको निर्णय अनुमोदनका लागि यस बैठकमा पेश भएको ।

**निर्णयको व्यहोराः** उक्त प्रस्ताव माथि छलफल गर्दा अर्जुनधारा खेलमैदान निर्माणका लागि आगामी आर्थिक वर्षमा संघीय समपुरक अनुदान कार्यक्रम प्रस्ताव पेश गरिएको र नगरपालिकाका विभिन्न सडकमा पेवर्स निर्माणका लागि आगामी आर्थिक वर्षको बजेटबाट श्रोत सुनिश्चित गरी बाँकी रकम भुक्तानी हुने गरी बहुवर्षीय आयोजना स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १३ व्यवसायिक भवनहरुको सटर व्यवस्थापन ।**

**प्रस्तावको व्यहोराः** यस अर्जुनधारा नगरपालिकाको स्वामित्वमा रहेका व्यवसायिक भवनहरुमा साविक विभिन्न व्यवसायीहरुलाई व्यवसाय गर्न निश्चित शर्त तोकी सम्झौता गरी सटर वहालमा लगाइएकोमा केही सटरहरुमा साविकमा सम्झौता गरेका व्यवसायीले अन्य व्यवसायीलाई व्यवसाय गर्न उपलब्ध गराएको भनी जानकारी प्राप्त भएको लगायत यस नगरपालिकाको स्वामित्वमा रहेका व्यवसायिक भवनहरुको व्यवस्थापनका सम्बन्धमा थप छलफल तथा निर्णयका लागि विषय पेश भएको ।

**निर्णयको व्यहोराः** उल्लेखित प्रस्तावका सम्बन्धा छलफल गरी देहाय बमोजिम निर्णय गरियो।

१. कार्यालयबाट नगरपालिकाको स्वामित्वमा रहेका व्यवसायिक भवनका सटरहरुको स्थलगत निरीक्षण गरी सम्झौता गरेका व्यवसायी तथा हाल व्यवसाय गरिरहेका व्यवसायीहरुको वास्तविक स्थिति पहिचान गर्ने ।

२. कुनै व्यवसायीले साविक सम्झौता विपरित आफु वा आफ्नो सगोलका परिवार बाहेक अन्य व्यक्तिलाई व्यवसाय गर्न सटर उपलब्ध गराइएको पाइएमा निजको धरौटी जफत गरी उक्त सटर हाल व्यवसाय गरिरहेका व्यवसायीलाई अर्जुनधारा नगरपालिकाको व्यवसायिक भवन बहालमा लगाउने सम्बन्धि कार्यविधि २०८२ बमोजिमको धरौटी लिई नयाँ सम्झौता गर्ने ।

**बै.सं. ११/८२/८३ अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक मिति २०८२/१२/२७**

**प्रस्ताव नं १४ विविधः**

**प्रस्तावको व्यहोराः** नगर कार्यपालिकाको कार्यालयमा प्राप्त निवेदन तथा अन्य समसामयिक निम्न विषयमा छलफल तथा निर्णयका लागि प्रस्ताव पेश भएको ।

१. गत भाद्र २४ गते जेनजी आन्दोलनका क्रममा यस कार्यालयमा आगजानी हुँदा यस कार्यालयको सुरक्षार्थ खटिएका नगर प्रहरीहरुको निजी मोटरसाइकलमा समेत आगजानी भई पूर्ण क्षति भएकाले नगर प्रहरीहरुलाई क्षतिपूर्ती उपलब्ध गराउननका लागि प्रस्ताव पेश भएको ।

२. ३ नं वडा कार्यालयको कार्यालय सहयोगी पदमा करार सेवामा कार्यरत कर्मचारी श्री मतिमाया खवास मिति २०८२/११/०४ गतेबाट ५८ वर्ष उमेर पुरा भई अनिवार्य अवकाश हुनु भएकोमा निज साविक जिल्ला विकास समितिको कार्यालय झापा हुँदै खुदुनाबारी गाउँ विकास समितिको कार्यालय तथा यस कार्यालय समेत गरी २५ वर्ष सेवा करारमा रही कामकाज गर्नु भएको ।हाल करार सेवाका अन्य कर्मचारीलाई लागि सामाजिक सुरक्षा कोषमा आबद्ध गरी अवकाश पछिको सामाजिक सुरक्षाको व्यवस्था गरे पनि निज कर्मचारी श्री मतिमाया खवास निजको सेवा अवधिका कारण सामाजिक सुरक्षा कोषमा समेत आबद्ध नभई अवकाश हुनु भएको हुँदा निजलाई निजको कार्यसम्पादनको उच्च मूल्याङ्कन गरी उचित सामाजिक सहायता उपलब्ध गराउने विषयमा प्रस्ताव पेश भएको ।

३. सूर्योदय नगरपालिका, इलामको प्रयोगमा रहेको दमकल उक्त नगरपालिकाका लागि नयाँ दमकल प्राप्त भएकाले उक्त पुरानो दमकल मर्मत बापतको खर्च रकम यस नगरपालिकाबाट भुक्तानी गरी यस नगरपालिकाले लिन चाहेमा हस्तान्तरण गरिने भनी सूर्योदय नगरपालिकाबाट प्रस्ताव भई आएको सम्बन्धमा थप छलफल तथा निर्णयका लागि विषय पेश गरिएको ।

**निर्णयको व्यहोराः** उल्लेखित प्रस्तावहरुमा छलफल गरी देहायानुसारका निर्णयहरु गरियो ।

१. जेनजी आन्दोलनमा निजी सवारी साधन क्षति भएका नगर प्रहरीहरुलाई देहायनुसार राहत उपलब्ध गराउने ।

| सि.नं. | कर्मचारीको नामथर | राहत रकम (रु) |
|---|---|---|
| १ | नगर प्रहरी सहायक निरीक्षक श्री अइन्द्र तामाङ | १५००००/- |
| २ | नगर प्रहरी जवान श्री सुमन आङबुहाङ | १०००००/- |
| ३ | नगर प्रहरी जवान श्री सरोज खनाल | १०००००/- |

२. अवकाशप्राप्त कार्यालय सहयोगी श्री मतिमाया खवासलाई सामाजिक सहायता बापत रु ५० हजार उपलब्ध गराउने ।

३. यस नगरपालिकाका लागि दमकलको अति आवश्यक रहेको हुँदा सूर्योदय नगरपालिका, इलामको प्रयोगमा रहेको दमकल थान १ मर्मत बापतको भुक्तानी गर्नुपर्ने रकम यस नगरपालिकाबाट भुक्तानी गरी उक्त दमकल यस नगरपालिकामा प्राप्त गर्ने निर्णय गरियो ।